मधेश प्रदेश सरकार

गृह, सञ्चार तथा कानून मन्त्रालय

जनकपुरधाम, नेपाल

चलचित्र तथा लोकसञ्चार प्रवर्द्धन बोर्ड सदस्यको नियुक्ति सम्बन्धी सूचना

पहिलो पटक सूचना प्रकाशित मितिः- २०८३/०७/१०

यस मन्त्रालयले प्रदेश सञ्चार सम्बन्धी ऐन, २०७७ र प्रदेश सञ्चार नियमावली, २०७७ को नियम ३५ अनुसार तपसिल बमोजिमको पदमा नियुक्तिको लागि आवेदन दिन सूचना आह्वान गरिएको छ।

तपसिलः

१. विषयगत विवरणः-

क्र.सं.	संगठनको नाम	पद	पद संख्या	योग्यता
१.	चलचित्र तथा लोकसञ्चार प्रवर्द्धन बोर्ड, मधेश प्रदेश	सदस्य	१ (एक)	(क) नेपाली नागरिक, (ख) पैंतिस वर्ष उमेर पूरा भई साठी वर्ष ननाघेको, (ग) मान्यता प्राप्त विश्वविद्यालयबाट जुनसुकै विषयमा स्नातक तह उत्तीर्ण गरेको, (घ) यस प्रदेशमा रही चलचित्र क्षेत्रमा निरन्तर पाँच वर्ष काम गरेको र यस प्रदेशमा स्थायी बसोबास भएको, (ङ) नैतिक पतन देखिने फौजदारी कसुरमा सजाय नपाएको, (च) नियुक्ति हुँदाका बखत कुनै राजनीतिक दलको सदस्य नरहेको, (छ) उच्च नैतिक चरित्र भएको।

२. छनौटको आधारः- प्रदेश सञ्चार सम्बन्धी ऐन, २०७७ र प्रदेश सञ्चार नियमावली, २०७७ बमोजिम नियुक्ति हुनेछन्।

३. आवेदन दिने स्थानः- गृह, सञ्चार तथा कानून मन्त्रालय, मधेश प्रदेश, जनकपुरधाम, धनुषा।

४. आवश्यक योग्यताको कागजातसहित निवेदन दिनुपर्ने छ।

५. आवेदन दिने अन्तिम मितिः- सूचना प्रकाशन भएको मितिले ७ (सात) दिनभित्र, तर अन्तिम दिन सार्वजनिक विदा परेमा सोको भोलिपल्ट कार्यालय समयमा आवेदन दिन सकिनेछ।

.... ७/१०

राधेशंकर प्रसाद पाल

शाखा अधिकृत